# हरिनगर गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ | संख्याः २ | मितिः २०८२/०४/३०

भाग–२


## सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनोट सम्बन्धी कार्यविधि, २०८२

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः** २०८२/०४/३०

**प्रस्तावनाः** यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको काम गर्न प्रधानाध्यापक नियुक्ति गर्नुपर्ने भएकोले यस कार्यलाई सहज, मर्यादित, शान्तिपूर्ण र विवाद रहित ढंगले स्वच्छ प्रतिस्पर्धाका माध्यमबाट सम्पन्न गर्ने उद्देश्यले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनको लागि र हरिनगर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५ को दफा ३४ को अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (ज) को अधिकार क्षेत्र भित्र रही दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **“सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनोट सम्बन्धी कार्यविधि, २०८२”** रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

क) **"समिति"** भन्नाले यस गाउँपालिका भरिका कुनै पनि सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति गर्न सम्बन्धित विद्यालयमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९६ क १ बमोजिम वा हरिनगर गाउँपालिकाको गाउँ शिक्षा नियमावली, २०७५ को नियम ५१ (२) लाई कार्यान्वयन गर्न गठन भएको शिक्षक छनोट समिति बुझ्नुपर्छ । तर विद्यालयमा यस कार्यविधिको दफा २ (ख) बमोजिमको विद्यालय व्यवस्थापन समिति नरहेमा र विद्यालयले प्र.अ. छनोट गर्न तत्परता नदेखाएमा वा अटेर गरेमा देहाय बमोजिमको समितिले प्रधानाध्यापक छनौट समितिको काम गर्न सक्नेछ ।

क. शिक्षा शाखा प्रमुख – संयोजक
ख. विषय विज्ञ ३ जना – सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रशासन शाखा प्रमुख – सदस्य सचिव

सम्बन्धित विद्यालय रहेको वडाको वडाध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

ख) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले शिक्षा ऐन, २०२८ को दफा १२ बमोजिमको समिति वा दफा १२ क (२) बमोजिमको समिति वा हरिनगर गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा १९ को उपदफा २ बमोजिमको समिति बुझ्नुपर्छ ।

ग) **"अध्यक्ष"** भन्नाले विद्यालय व्यवस्थापन समितिका वर्तमान अध्यक्ष बुझ्नुपर्छ ।

घ) **"शिक्षा विकास तथा समन्वय इकाई प्रमुख"** भन्नाले शिक्षा विकास तथा समन्वय इकाई, सुनसरीका कार्यरत शिक्षा विकास तथा समन्वय इकाई प्रमुख भनेर बुझ्नुपर्छ ।

ङ) **"शिक्षा शाखा प्रमुख"** भन्नाले हरिनगर गाउँपालिका शिक्षा शाखामा कार्यरत अधिकृतहरु मध्ये जेष्ठतम अधिकृत बुझ्नुपर्छ । शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९६क (१) ख मा उल्लेख भएको सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक भन्नाले हालको शिक्षा शाखा प्रमुख भनेर बुझ्नुपर्छ ।

च) **"गाउँपालिका"** भन्नाले हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भनेर बुझ्नुपर्छ ।

छ) **"भौगोलिक इकाई"** भन्नाले सम्पूर्ण हरिनगर गाउँपालिका भनेर बुझ्नुपर्छ ।

ज) **"परीक्षा"** भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियमं ९३ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्न अपनाइने सम्पूर्ण अंकन र मूल्य निर्धारण प्रकृयाहरु बुझ्नुपर्छ ।

## परिच्छेद – २

## सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति गर्न अपनाइने प्रकृयाहरु

**३.** यस नियम बमोजिम प्रधानाध्यापक नियुक्ति गर्नका लागि गाउँपालिकाबाट सम्बन्धित विद्यालयले अनुमति लिनुपर्नेछ वा गाउँपालिका स्वयमले प्रधानाध्यापक नियुक्ति गर्नका लागि विद्यालयलाई पत्राचार गर्न सक्नेछ ।

**४.** सम्बन्धित विद्यालयमा दरबन्दीमा रहेका र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ बमोजिम उपनियम २ बमोजिम योग्यता पुगेको शिक्षक मात्र प्रधानाध्यापक पदको उम्मेदवार हुन सक्नेछन् ।

तर सम्बन्धित विद्यालयमा योग्यता पुगेका उम्मेदवार उपलब्ध नभएमा, एकजना मात्रै उम्मेदवार हुने भएमा वा उम्मेदवारहरुबाट तोकिएको म्याद भित्र दरखास्त नपरेमा गाउँपालिका भरका अन्य विद्यालयहरुका शिक्षकहरुबाट समेत दरखास्त लिन सकिनेछ ।

**क)** अन्य विद्यालयमा कार्यरत शिक्षकलाई प्रधानाध्यापक नियुक्ति गर्नु परेमा निजको पदाधिकार साविककै विद्यालयमा दरवन्दी राखी हालको विद्यालयमा काजमा खटाउन सकिनेछ ।

**ख)** बुँदा (क) अनुसार प्रधानाध्यापक खटिई आएको शिक्षकको साविकको विद्यालयमा हालको विद्यालयबाट एक जना शिक्षक काजमा खटाउने व्यवस्था मिलाइनेछ ।

यसरी शिक्षक एक अर्को विद्यालयमा खटाउँदा सम्भव भए सम्म समान तह र सोही विषयको शिक्षकलाई आपसी सरुवा गरी कामकाजमा खटाइनेछ । समान तह र विषयको दरबन्दीका शिक्षक उपलब्ध नभएमा विद्यालयको कुल दरबन्दी संख्या घटबढ नहुने गरी कम्तीमा एक तह मुनिको शिक्षक समेत कामकाजमा खटाई पठनपाठनको व्यवस्था मिलाउनुपर्नेछ ।

यसरी कुनै विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको व्यवस्थापनमा सुधार गर्नका लागि प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनका लागि एक अर्को विद्यालयमा शिक्षक खटाउँदा विद्यालयहरुको सहमति विना नै गाउँपालिकाले कामकाज गर्न खटाउन सक्नेछ ।

**ग)** प्राथमिक तहमा प्रधानाध्यापक पदमा नियुक्तिको लागि शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ (२) मा तोकिएको योग्यता पुगेका शिक्षक सम्बन्धित विद्यालयमा उपलब्ध नभएमा एस. एल. सि. वा सो सरह उत्तिर्ण गरी १० महिने तालिम प्राप्त गरेको र कम्तीमा ३ वर्ष स्थायी सेवा गरेको व्यक्तिले प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउने ।

**घ)** निम्न माध्यमिक तहको हकमा प्रधानाध्यापक पदमा नियुक्तिको लागि शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ (२) मा तोकिएको योग्यता पुगेका शिक्षक सम्बन्धित विद्यालयमा उपलब्ध नभएमा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरी कम्तीमा ३ वर्ष स्थायी सेवा गरेको व्यक्तिले प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउने ।

**ङ)** माध्यमिक तहको हकमा प्रधानाध्यापक पदमा नियुक्तिको लागि शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ (२) मा तोकिएको योग्यता पुगेका शिक्षक प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउने ।

**५.** शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ उपनियम ३ बमोजिम विद्यालय व्यवस्थापन समिति समक्ष दरखास्त दिनुपर्ने र संकलित दरखास्तहरु विद्यालय व्यवस्थापन समितिले शिक्षक छनोट समिति समक्ष पठाउनु पर्नेछ ।

६. शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ उपनियम ५ बमोजिम प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस भए अनुसार सोही नियमको उपनियम ६ वा ७ बमोजिम उपनियम ८ बमोजिमको अवधिको लागि प्रधानाध्यापकमा नियुक्ति गर्नुपर्ने छ । तर अन्यत्र जे सुकै लेखिएको भएता पनि शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ उपनियम ९ बमोजिमको अवस्थामा बाहेक निजले पेश गरेको विद्यालय विकास प्रस्तावको गाउँपालिका शिक्षा शाखा द्वारा आवधिक/वार्षिक/मध्यावधि मूल्याङ्कन गर्दा कम्तीमा ५०% प्रगति भएको नपाइएमा निजलाई प्रगति प्रतिवेदनका आधारमा प्रधानाध्यापक पदबाट गाउँपालिकाले जहिले सुकै हटाउन सक्नेछ ।

७. शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९६ क. उपनियम १ (ग) बमोजिम विद्यालय व्यवस्थापन समितिले सूचीकृत विज्ञहरु मध्ये पाँच जना विज्ञहरु छनौट गरी गाउँपालिकामा सिफारीस गरि पठाउनु पर्नेछ र यसरी विद्यालयले पठाएका पाँच जना विज्ञहरुमध्येबाट ३ जना विज्ञ गाउँपालिकाले तोके बमोजिम मनोनयन हुनेछ । यसो गर्दा विद्यालय व्यवस्थापन समितिले परीक्षाको गोपनीयता र परीक्षा सञ्चालनमा सहजता समेतलाई मध्यनजर गर्दै हरिनगर गाउँपालिका शिक्षा शाखासँग समन्वय गर्नु पर्नेछ ।

८. छनोट परीक्षाको सम्पूर्ण खर्च विद्यालयले ब्यहोर्नु पर्नेछ ।

९. प्रधानाध्यापक पदमा नियुक्ति गर्न विद्यालयले विज्ञापन गर्नुपर्नेछ । विज्ञापनको अवधि कम्तीमा १५ (पन्ध्र) दिनको हुनेछ । खुला विज्ञापन गर्दा दरखास्त दिएका तर छनौट समिति द्वारा अस्वीकृत गरिएका आवेदनहरुको हकमा आवेदकलाई आवेदन दस्तुर फिर्ता गर्नुपर्ने छैन । साथै आवेदन अस्वीकृत भएका उम्मेदवारहरुलाई परीक्षा (प्रतिष्पर्धा) मा सामेल गराइने छैन ।

१०. विज्ञापनको १/१ प्रति विद्यालयमा टाँस गरी गाउँपालिकाको सूचना पाटीमा, गाउँपालिकाको आधिकारीक फेसबुक पेजमा, वेवसाइट तथा सम्वन्धित वडा कार्यालयको सूचना पाटीमा (शिक्षा शाखाका कर्मचारीको रोहबरमा) समेत टाँस गरेको हुनुपर्नेछ । विज्ञापन गर्ने कार्य विद्यालय व्यवस्थापन समितिले तथा आवेदन स्वीकृत गर्ने कार्य छनोट समितिले गर्नेछ ।

११. विद्यालयले परीक्षा सञ्चालनको मिति, समय र स्थानको जानकारी परीक्षा शुरु हुनु कम्तीमा २४ घन्टा पूर्व नै एस.एम.एस., फोन सम्पर्क (उपलब्ध भएमा) र विद्यालयको सूचना पाटीमा टाँस गरेर सबै उम्मेदवारलाई दिनुपर्नेछ । तर सूचना पाएर पनि अनुपस्थित भएको कुनै पनि उम्मेदवारको कारण परीक्षा रोकिने छैन ।

१२. परीक्षालाई विश्वसनीय बनाउन यथासम्भव एक भन्दा बढी परीक्षकबाट मूल्याङ्कन कार्य गर्ने प्रबन्ध गर्नु पर्नेछ । समितिले यस कार्यविधिको अनुसूची ४ बमोजिमको अंकलाई प्राप्ताङ्क मानी मेरिटका आधारमा कुल अङ्कको कम्तीमा ६० (साठी) प्रतिशत भएका उम्मेदवारहरु मध्ये उच्चतम अंक/प्रतिशत प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकमा सिफारिस गरी नतिजा प्रकाशन गर्नु पर्नेछ । तर प्राप्ताङ्क प्रतिशत बराबर भएमा भने क्रमशः महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नुपर्ने छ ।

१३. शिक्षा शाखा प्रमुखले छनोट समितिको सदस्यका साथै परीक्षा केन्द्र, मिति तोक्ने, परीक्षाका विधि र प्रकृया लगायतका संयोजनकारी भूमिका समेत निर्वाह गर्नु पर्नेछ । परीक्षाको अनुगमन कार्य सम्बन्धित वडाको वडा अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत वा उपाध्यक्ष वा अध्यक्षले वा सामूहिक रुपमा गर्न सक्नेछन् ।

१४. शिक्षक छनोट समितिले प्रधानाध्यापक छनोट कार्यलाई व्यवस्थित र सहज गर्न शिक्षा नियमावलीले तोकेको ढाँचामा फरक नपर्ने गरी फाराम/फरमेट हरु विकास गरी काम कारवाही अगाडि बढाउन सक्ने छ ।

१५. विद्यालय व्यवस्थापन समितिले यस प्रधानाध्यापक नियुक्ति सम्बन्धी कुनै निर्णय लिनु पर्दा सम्भव भए सम्म सर्वसम्मत निर्णय गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्य संख्याको बहुमतले निर्णय लिनुपर्ने छ । शिक्षक प्रतिनिधि तथा सम्बन्धित प्रधानाध्यापक उम्मेदवारलाई भने मताधिकार दिइने छैन । तर बैठक बस्नु पूर्व विद्यालय व्यवस्थापन समिति सदस्यहरुलाई सूचना गरेको हुनुपर्ने छ र कोही सदस्य सूचना पाएर पनि अनुपस्थित भएकै कारण बैठक रोकिने छैन ।

१६. शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को अनुसूची १३ को बुँदा नं. ६ (क) बमोजिमको अङ्क प्रदान गर्ने शिक्षा विकास तथा समन्वय इकाईमा ७ (सात) दिनको समयावधि भित्र मूल्याङ्कन गरी अङ्कन गर्न अनुरोध गरी समितिले पत्राचार गर्नुपर्ने छ साथै ६(ख) को मूल्याङ्कन गर्न वि.व्य.स नभएमा यस कार्यविधिको दफा १ बमोजिम गठित समितिबाट नै मूल्याङ्कनको अङ्क प्रदान गर्नेछ । अनुसूची–४ को ६ (ग) बमोजिमको

अङ्क प्रदान गर्दा समितिले ३ (तीन) दिनको समयावधि तोकी अङ्क प्रदान गर्न प्रधानाध्यापक उमेदवार भएका विद्यालयका शिक्षकहरुलाई एक सूचना जारी गर्नु पर्नेछ । यसरी अंक दिँदा गोप्य खामबन्दी गरी समितिमा उपलब्ध गराउनु पर्नेछ साथै समितिले पनि प्रदान गरेको अंकको गोपनीयता कायम गर्नु पर्नेछ । तर उपरोक्तानुसारको समयावधि भित्र अङ्क पेश नभएमा वा प्राप्त नभएमा यसै कारणले मात्र छनोट प्रकृया रोकिने छैन,यस शिर्षक बाहेकको शिर्षकको पूर्णाङ्कलाई नै सत प्रतिशत मानि प्रकृया अगाडी बढाइनेछ ।

१७. शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूची १३ को बुँदा नं. ४ बमोजिमको "अध्यापन गरेको विषयको औषत उत्तीर्ण प्रतिशत" गणना गर्दा निजले अध्यापन गरिरहेको कुनै एक विषयको मात्र कक्षागत औषत उत्तीर्ण प्रतिशतलाई गणना गरे पुग्छ । सम्बन्धित उम्मेदवारले यस्तो अध्यापन गरेको विषयको औषत उत्तीर्ण प्रतिशतसम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट प्रमाणित गराई समितिले माग गरेको ३ (तीन) दिन भित्र पेश गर्नु पर्नेछ ।

१८. हाल प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापक जनाई कार्यरत शिक्षक नै प्रधानाध्यापक पदमा उम्मेदवार भएमा समितिको सदस्य सचिव भई काम गर्नेविद्यालय व्यवस्थापन समितिले निर्णय गरी उम्मेदवार नरहेका मध्ये विद्यालयको वरिष्ठ शिक्षकलाई तोक्नु पर्नेछ ।

१९. समितिले नियुक्तिका लागि सिफारिस गरेको शिक्षकलाई शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ को उपनियम ७ बमोजिम तोकिएको अवधि भित्र शिक्षा विकास तया समन्वय इकाई प्रमुखले नियुक्ति नगरेमा सोही प्रकृया पुर्याई गाउँ शिक्षा समितिको निर्णयबाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नु पर्नेछ ।

२०. शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनका लागि यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ । यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य ब्यवस्थाहरु प्रचलित ऐन, नियमानुसार हुनेछन् ।

## अनुसूची–१

### प्रधानाध्यापक छनौटका आधारहरु (शिक्षा नियमावली,२०५९ (संशोधन सहित) को अनुसूची १३ मा व्यवस्था भएको)

| क्र.स. | अंकनका आधारहरु | अंक | कैफियत |
|---|---|---|---|
| १. | **शैक्षिक योग्यता** | **२५** | |
| क. | न्यूनतम शैक्षिक योग्यता | १५ | प्रथम श्रेणी १५,दोस्रो श्रेणी १३,तेस्रो श्रेणीको ११ |
| ख. | माथिल्लो शैक्षिक योग्यता | १० | प्रथम श्रेणी १०,दोस्रो श्रेणी ८,तेस्रो श्रेणीको ६ |
| २. | **शिक्षण अनुभव** | **२५** | प्रथम श्रेणीको भए बर्षको २.५, दोस्रो श्रेणीको भए वर्षको २ र तेस्रो श्रेणीको भए वर्षको १.५ को दरले (स्थायी वा अस्थायी वा दुवै सेवा वापत),तर हाल सम्बन्धित तहमा स्थायी नियुक्ति लिई कार्यरत रहेको हुनुपर्ने । तर महिलाको हकमा २५ अंक ननाघ्ने गरी २०% अंक थप गरिने छ । |
| ३. | **तालिम** | **१२** | |
| क. | शैक्षिक तालिम | १० | प्रथम श्रेणी १०,दोस्रो श्रेणी ८,तेस्रो श्रेणीको ६ अंक भार हुने । |
| ख. | विद्यालय व्यवस्थापन तालिम | २ | एकमुष्ट २ अंक । |
| ४. | **अध्यापन गरेको विषयमा प्राप्त नतिजा** | **१२** | नियमानुसार बर्षको ४ अंकका दरले । लगातार अघिल्लो ३ बर्षको गणना गरिने । |
| ५. | **विद्यालय विकास प्रस्ताव** | **१४** | |
| क. | विद्यालय विकास प्रस्ताव | १० | ४०–८० प्रतिशत घटीबढी दिनुपरेमा पुष्टयाई दिनुपर्ने । |
| ख. | विद्यालय विकास प्रस्ताव प्रस्तुति | ४ | ४०–८० प्रतिशत घटीबढी दिनुपरेमा पुष्टयाई दिनुपर्ने । |
| ६. | **नेतृत्व लिने क्षमता** | **१२** | |

| | | | |
|---|---|---|---|
| क. | शिक्षा विकास तथा समन्वय इकाई प्रमुखको मुल्याङ्कनबाट | ५ | नियमावलीले तोकेको ढाँचामा अत्युत्तम १.२५, उत्तम १, मध्यम ०.७५, सामान्य ०.५ । |
| ख. | व्यवस्थापन समितिको मूल्याङ्कनबाट | ५ | नियमावलीले तोकेको ढाँचामा हरेक सूचकको अत्युत्तम १.२५, उत्तम १, मध्यम ०.७५, सामान्य ०.५ अंकभार दिन सकिने । । । सबैको औषत निकाली गणना गरिने । |
| ग. | सम्बन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट | २ | नियमावलीले तोकेको ढाँचामा हरेक सूचकको अत्युत्तम ०.५, उत्तम ०.४, मध्यम ०.३, सामान्य ०.२ हुने । |
| | **जम्मा** | **१००** | |

## अनुसूची–२

## वि.व्य.स. तथा शिक्षा विकास तथा समन्वय इकाई प्रमुखले "नेतृत्व लिने क्षमता" को मूल्याङ्कन गर्ने आधारहरु र मापदण्ड

**मूल्याङ्कन गरिएको शिक्षकको नामः–** ..............................................

| **मूल्याङ्कनका आधारहरु** | **अति उत्तम (१.२५)** | **उत्तम (१)** | **माध्यम(०.७५)** | **सामान्य(०.५०)** |
|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| ख) विद्यालयको शौक्षिक गुणस्तर प्रति समर्पण भाव | | | | |
| ग) विद्यार्थी,शिक्षक र व्यवस्थापन वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्वन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

दस्तखतः–
नामः–
पदः–
मितिः–

## अनुसूची –३

## सम्वन्धित विद्यालयका शिक्षकहरुले "नेतृत्व लिने क्षमता" को मूल्याङ्कन गर्ने आधारहरु र मापदण्ड

**मूल्याङ्कन गरिएको शिक्षकको नामः–** ..............................................

| मूल्याङ्कनका आधारहरु | अति उत्तम (०.५०) | उत्तम (०.४) | माध्यम (०.३) | सामान्य (०.२) |
|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| ख) विद्यालयको शौक्षिक गुणस्तर प्रति समर्पण भाव | | | | |
| ग) विद्यार्थी,शिक्षक र व्यवस्थापन वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्वन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

दस्तखतः–
नामः–
पदः–
मितिः–

## अनुसूची–४

| प्रधानाध्यापक छनौट अन्तिम प्राप्ताङ्क तालिका | | | | | |
|---|---|---|---|---|---|
| | | | उम्मेदवार(क) ................ ले प्राप्त गरेको प्राप्ताङ्क | उम्मेदवार(ख) ................ ले प्राप्त गरेको प्राप्ताङ्क | उम्मेदवार(ग) ................ ले प्राप्त गरेको प्राप्ताङ्क |
| **क्र.स.** | **अंकनका आधारहरु** | **पूर्णाङ्क** | | | |
| **१.** | **शैक्षिक योग्यता** | **२५** | | | |
| क. | न्यूनतम शैक्षिक योग्यता | १५ | | | |
| ख. | माथिल्लो शैक्षिक योग्यता | १० | | | |
| **२.** | **शिक्षण अनुभव** | **२५** | | | |
| **३.** | **तालिम** | **१२** | | | |
| क. | शैक्षिक तालिम | १० | | | |
| ख. | विद्यालय व्यवस्थापन तालिम | २ | | | |
| **४.** | **अध्यापन गरेको विषयमा प्राप्त नतिजा** | **१२** | | | |
| **५.** | **विद्यालय विकास प्रस्ताव** | **१४** | | | |
| क. | विद्यालय विकास प्रस्ताव | १० | | | |
| ख. | विद्यालय विकास प्रस्ताव प्रस्तुति | ४ | | | |
| **६.** | **नेतृत्व लिने क्षमता** | **१२** | | | |
| क. | शिक्षा विकास तथा समन्वय इकाई प्रमुखको मूल्याङ्कनबाट | ५ | | | |
| ख. | विद्यालय व्यवस्थापन समितिको मूल्याङ्कनबाट | ५ | | | |
| ग. | सम्बन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट | २ | | | |
| | जम्मा | १०० | | | |

| | | | |
|---|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः | नामः |
| पदः | पदः | पदः | पदः |

(नोटः तीन भन्दा बदी उम्मेदवारहरु भएमा यसै बमोजिम तालिका विस्तार गरी गर्न सकिने छ। )

आज्ञाले,
**नाम**: रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत